हामी सवैको रहर : शिक्षित, सभ्य, समृद्ध, सुरक्षित र सक्षम विराटनगर

विराटनगर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय

# शैक्षिक प्रशासन महाशाखा

विराटनगर, मोरंग
कोशी प्रदेश, नेपाल

प.स. ८०/८१
च.नं.: १०१५ (१)

मिति २०८१/ ०३/२६

विषय ः IEMIS अद्यावधिक सम्बन्धमा।

श्री सबै विद्यालयहरु,

विराटनगर महानगरपालिका।

प्रस्तुत विषयमा शिक्षा तथा मानव स्रोत विकास केन्द्र सानोठिमी भक्तपुरको च.नं. ९९ मिति २०८१/०३/२४ गतेको पत्र बमोजिम शैक्षिक सत्र २०८१ को एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) अद्यावधिक गरेका विद्यालयहरुको विद्यार्थी विवरणसहितको नामवली cehrd.gov.np मा सार्वजनिक गरिएको छ। हालसम्म विवरण अद्यावधिक नगर्ने तथा अद्यावधिक गरे पनि पूर्ण विवरण अद्यावधिक नगर्ने विद्यालयहरुले श्रावण ७ गते भित्र देहाय बमोजिम हुने गरी अद्यावधिक गर्न हुन अनुरोध छ। साथै IEMIS अद्यावधिक नगर्ने विद्यालयहरुलाई महानगरपालिकाको कानून बमोजिम दण्ड जरिवाना हुने र त्यस्ता विद्यालयहरुलाई IEMIS बाट हटाइ अनुमती पत्र खारेजीको प्रक्रियामा लगिने तथा इमिसमा विवरण अद्यावधिक नभएको कारण भविष्यमा विद्यार्थीलाई कुनै समस्या परेमा त्यसको जवाफदेही स्वयम् विद्यालय नै हुने व्यहोरा समेत जानकारी गराइन्छ।

तपशील

१. एउटा विद्यालयबाट अर्को विद्यालयमा स्थानान्तरण भएका विद्यार्थीहरुलाई सम्बन्धित विद्यालयले २०८१ असार मसान्तभित्र अनिवार्य Transfer गरिसक्ने। सो समयभित्र Transfer नगर्ने विद्यालयलाई नियमानुसार कारवाही हुनेछ।

२. वैकल्पिक शिक्षा प्रणालीबाट भर्ना हुन अएका, बिचमा विद्यालय छोडी भर्ना हुन आएका, विगत वर्षहरुमा IEMIS विवरणमा अभिलेखित (Record) नभएका, खुला र अनौपचारिक प्रौढ विद्यालयमा भर्ना हुन आएका विद्यार्थी तथा विदेशी नागरिकका बालबालिकाको विवरण यसैसाथ संलग्न ढाँचामा तोकिएको समयभन्दा पछि नहुने गरी यथासिघ्र छिटो यस महाशाखामा पेश गर्नहुन। साथै १० जना भन्दा बढी विद्यार्थी यस महानगरपिलकाबाट अद्यावधिक गर्नुपर्ने विद्यालयले IEMIS मा कार्य गर्ने शिक्षक कर्मचारीलाई ल्यापटप सहित यस कार्यलयमा पठाइदिन हुन।

३. समयभित्र Transfer नगर्ने विद्यालयका विद्यार्थीहरुको Transfer यस पालिकाबाट गर्नुपर्ने भएमा संलग्न ढाँचामा मिति २०८१/०४/१ गते विवरण पेश गर्नुहुन।

४. शिक्षक, कर्मचारी, भौतिक पक्ष लगायतका विषयमा विवरण अद्यावधिक गर्न बाँकी भए अद्यावधिक गर्न हुन।

बोधार्थ
१. प्रमुख, विराटनगर महानगरपालिका
२. उप प्रमुख विराटनगर महानगरपालिका
( जानकारीको लागि )

..................
कृष्ण भट्टराई २०८१/०३/२६
अधिकृत आठौं

विराटनगर महानगरपालिका

IEMIS भर्ने प्रयोजनार्थ विद्यार्थीको वैयक्तिक विवरणको फाराम

1 First Name*: Middle Name: Last Name*:

2. Gender*: Class*:

3. Admit Year* : Date of birth* :

4. Permanent Province* : Permanent District* : Permanent Municipality*:

Permanent Ward * : Permanent Tole* :

5. Temporary Province * : Temporary District* : Temporary Municipality*:

Temporary Ward * : Temporary Tole* :

6. Caste*: Mother Tongue*:

7. **Contact Number:** **Previous School:**

**8.** Mother's Name: Passed Class:

9. Guardian's Name*:

10. Admission Date*:

माथि पेस भएका विवरणहरु सही सत्य छन्। झुठा ठहरिए कानून बमोजिम सहुँला बुझाउँला।

प्रमाणित गर्ने:

प्र.अ.को नाम:

विद्यालय:

हस्ताक्षर:

मिति:

विद्यालयको छाप:

सम्पर्क नं.:

नोट:वैकल्पिक शिक्षा प्रणालीबाट भर्ना हुन आएका,बिचमा विद्यालय छोडि भर्ना हुन आएका,विगत वर्षमा IEMIS विवरण अभिलेखित नभएका,खुला र अनौपचारिक प्रौढ विद्यालयमा भर्ना हुन आएका विद्यार्थी,विदेशी नागरिकका बालबालिका,अर्को विद्यालयबाट एक कक्षा भन्दा माथिल्लो कक्षामा भर्ना हुन आएका विद्यार्थी,IEMIS Transfer नभएका (Transfer Certificate प्राप्त गरेका) विद्यालयहरूको विवरण माथि उल्लेखित फाराम बमोजिम प्रत्येक विद्यार्थीको तयार गरी आवश्यक कागजात सहित ३ दिन भित्र यस महाशाखामा पेस गर्ने।